संघीय संसद

# राष्ट्रिय सभा

**पाँचौं अधिवेशन**

**बैठक - ७**

## सूचना पत्र - २

**(बैठकको कारवाहीको संक्षिप्त विवरण)**

**२०७६ पुस २४ गते बिहीबार**

संघीय संसद्, राष्ट्रिय सभाको पाँचौं अधिवेशनको **सातौं बैठक** सम्माननीय अध्यक्ष **गणेशप्रसाद तिमिल्सिना**को अध्यक्षतामा **दिनको १:०० बजे** प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले **शून्य समय**मा बोल्नको लागि निम्न बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो :

**मा. दिलकुमारी रावल थापा (पार्वती)** ले गत पौष ७ गतेदेखि चितवन राष्ट्रिय निकुञ्जभित्रको जङ्गली हात्तीले मानव बस्तीमा पसेर जनजीवन आतङ्कित बनाएको सन्दर्भ उल्लेख गर्नुहुँदै उक्त जङ्गली हात्तीलाई तत्काल नियन्त्रण गरी पीडित नागरिकलाई क्षतिपूर्तिको व्यवस्था गर्न र निकुञ्ज तथा बस्ती बीच व्यवस्थित तारबारको निर्माण गरी जङ्गली जनावर र मानव बस्ती बीचको द्वन्द्व समाधान गर्न निकुञ्ज प्रशासन र वन मन्त्रालय समक्ष माग गर्नुभयो ।

**मा. धनकुमारी खतिवडा**ले सरकारलाई प्रभावित गराई सेक्युरिटी प्रेस किन्ने योजना नीति तथा कार्यक्रममा पार्ने स्वीस कम्पनीका नेपाली एजेन्टका कारण ११ अर्बमा पाइने सेक्युरिटी प्रेस २३ अर्बमा किन्ने सरकारको तयारीका सम्बन्धमा प्रश्न गर्नुहुँदै सरकारसँग प्रष्ट पार्न माग गर्नुका साथै विवादास्पद यती समूहलाई फाइदा पुऱ्याउन राष्ट्रिय ढुकुटीबाट दोब्बर लगानी गर्ने सरकारको निर्णयप्रति प्रश्न समेत उठाउनुभयो ।

**मा. नैनकला ओझा**ले मोरङको क्षेत्र नम्बर ३ मा पर्ने राधा नगरमा २०/२५ वर्ष अगाडिदेखि तेल खानी छ भनी उत्खनन सुरु गरेर खन्दाखन्दै छोडिएको र त्यहाँका समान समेत टहरोमा राखेर दुईजना सुरक्षाकर्मी को जिम्मामा भएको र तेल खानी छ भनेर व्यापक रूपमा खनेको र छोडेको बारेमा सरकारले अनुगमन गर्नुपर्ने बताउनुभयो ।

**मा. युटोल तामाङ**ले सरकार गठन भएर दुई वर्ष पूरा नाघिसक्दा समेत आदिवासी जनजाति, महिला तथा दलित आयोग समयमा नै गठन हुन नसक्नुको कारण स्पष्ट पार्न सरकार समक्ष माग गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले शून्य समयमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनु हुँदै **विशेष समय**मा बोल्नका लागि निम्न बमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयो :

**मा. काली बहादुर मल्ल**ले मेलम्ची खानेपानीको सुन्दरीजलमा टनेलको लागि बिछ्याइएका रेलका लिगका फलामका पट्टी, डिब्बा तथा इन्जिनहरू बेवारिसे अवस्थामा राखिएकोले सोको स्वामित्व नेपाल सरकारले लिनुपर्नेमा जोड दिनुहुँदै काठमाडौं उपत्यकाका ट्राफिक प्रहरी परिसर बिग्रेका गाडी र मोटरले भरिएकोले सोको व्यवस्थापन गर्न गृह मन्त्रालयको ध्यानाकर्षण गराउनुभयो । त्यसैगरी उहाँले अन्तर्राष्ट्रिय जगतमा अस्थिरता र अशान्तिको बादल मडारिएको अवस्थामा ती बादलका टुक्राहरू नेपालमा समेत आउन सक्नेतर्फ सरकार तथा समस्त राजनीतिक दलहरूको ध्यानाकर्षण गराउनुभयो ।

**मा. जितेन्द्रनारायण देव**ले प्रतिनिधि सभाको सभामुख चयनको प्रक्रिया शीघ्र अगाडि बढाउनुपर्ने माग गर्नुहुँदै प्रदेश नं. ३ लाई त्यहाँको नियमावली मुताविक उक्त प्रदेशको नामाकरण र राजधानी कहाँ हुने भन्ने कुरा निर्णय गर्ने अधिकार दिनुपर्ने माग गर्नुभयो ।

**मा. महेश कुमार महरा**ले सरकारको बोली र व्यवहारमा तादत्म्यता नमिल्दा जनतामा हीनता, निराशा, कुण्ठा र उदासीनताले जरा गाड्नुका साथै नकारात्मक सोचको विकास भएकोले सरकारले गरेका राम्रा कामको समेत आलोचना हुने गरेको तर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो । सुदूरपश्चिम प्रदेशमा पर्ने राष्ट्रिय गौरवको योजना अन्तर्गत ७५० मेगावाट उत्पादन क्षमताको पश्चिम सेती जलविद्युत् आयोजनाको काम अगाडि बढाउन नसक्नुको कारण माग गर्नुहुँदै लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि आफ्नो अमूल्य जीवन अर्पण गर्ने योद्धाहरूलाई शहीद घोषणा गर्न गरिएको मागलाई आनाकानी गरिएकोमा आपत्ति जनाउनुभयो । उहाँले विशिष्ट विशेषज्ञ अस्पतालको रूपमा रहेको डडेल्धुरा जिल्ला अस्पतालमा दरबन्दी अनुसारका डाक्टर नभएकाले यसतर्फ सम्बन्धित मन्त्रालयको ध्यानाकर्षण गराउनुभयो ।

**मा. रमेशप्रसाद यादव**ले पशुपति विकास क्षेत्रको अठार सय रोपनी जग्गा अन्तर्गत रहेको मोही जग्गालाई पनि पशुपति विकास क्षेत्र मातहत नै ल्याउन सम्बन्धित निकायको ध्यानाकर्षण गराउनुभयो ।

**मा. कमला कुमारी ओली**ले कृषि भूमिको अत्यधिक मात्रामा भइरहेको दोहनलाई रोक्न खाद्य सम्बन्धी नागरिकको हक सुनिश्चित सहित बिचौलियाहरूको अन्त्य हुनुपर्नेमा जोड दिनुभयो । उहाँले राष्ट्रिय निकुञ्जमा अरबौं काठ जलेर-सडेर हरेक वर्ष नष्ट हुँदै गएकोले वन मन्त्रालयले सोको उपयोग गर्ने नीति ल्याउनुपर्नेमा जोड दिनुहुँदै कृषिमा आधारित भएका सुकुम्बासी, भूमिहीन कृषि श्रमिक, मुक्त कमैया र सुदूरपश्चिम प्रदेशमा रहेका वादी समुदायलाई सम्भव भएसम्म सोही क्षेत्रमा खेतीयोग्य जमिन सरकारले उपलब्ध गराउनु पर्ने माग राख्न गर्नुभयो ।

**मा. राधेश्याम अधिकारी**ले नेपाल विशेष सेवा विधेयक, मिडिया काउन्सिल विधेयक र सूचना प्रविधि विधेयकमा नागरिकका मौलिक हकमाथि बन्देज लगाउने प्रावधान रहेकाले उक्त विधेयकहरू बहुमतका आधारमा पारित भएमा मौलिक हकमाथि अनुचित बन्देज लाग्ने र मौलिक हकको अस्तित्वमाथि नै खतरा निम्तिने भएकोले विधेयक प्रस्तुतकर्ता, नेपाल सरकार र संशोधनकर्ता सबैको ध्यानाकर्षण गराउनुभयो ।

**मा. रामनारायण विडारी**ले विगत ५ वर्षमा सवारी दुर्घटनामा परी दश हजारभन्दा बढीले ज्यान गुमाउनुमा सरकार नै दोषी रहेको आरोप लगाउनु हुँदै सडकका सिद्धान्त अङ्गीकार गर्दै कडा सडक सुरक्षा सहितको योजना ल्याउनुपर्नेमा जोड दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले विशेष समयमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनु हुँदै "रेल्वे विधेयक, २०७६" माथि राष्ट्रिय सभा नियमावली (पहिलो संशोधन), २०७५ को नियम ९९ बमोजिम कुनै पनि माननीय सदस्यहरूबाट विरोधको सूचना प्राप्त नभएकोले माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्री वसन्तकुमार नेम्वाङको तर्फबाट माननीय अर्थमन्त्री डा. युवराज खतिवडालाई "रेल्वे विधेयक, २०७६" सभा समक्ष पेश गर्न अनुमति दिनुभयो ।

लगत्तै सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीको तर्फबाट माननीय अर्थमन्त्री डा. युवराज खतिवडालाई “नीति अनुसन्धान प्रतिष्ठान विधेयक, २०७६ माथि विचार गरियोस्” भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले “नीति अनुसन्धान प्रतिष्ठान विधेयक, २०७६ माथि विचार गरियोस्” भन्ने प्रस्तावमाथि विधेयकको सैद्धान्तिक पक्षमा मात्र छलफल हुने व्यहोरा जानकारी गराउनु हुँदै छलफलमा भाग लिन चाहने निम्न बजोजिमका माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउनुभयो :

| | |
|---|---|
| १. मा. ठगेन्द्रप्रकाश पुरी | २. मा. जितेन्द्रनारायण देव |
| ३. मा रामनारायण विडारी | ४. मा. राधेश्याम अधिकारी |
| ५. मा. जीवन बुढा | ६. मा. उदया शर्मा पौडेल |
| ७. मा. बद्री प्रसाद पाण्डे | ८. मा. डा. विमला राई पौड्याल |

तत्पश्चात्, सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीको तर्फबाट माननीय अर्थमन्त्री डा. युवराज खतिवडालाई छलफलमा उठेका प्रश्नहरूको जवाफ अनुमति दिनुहुँदै "नीति अनुसन्धान प्रतिष्ठान विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्ताव माथिको छलफल छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "नीति अनुसन्धान प्रतिष्ठान विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "नीति अनुसन्धान प्रतिष्ठान विधेयक, २०७६" माथि संशोधन प्रस्ताव राख्न चाहने माननीय सदस्यहरुले राष्ट्रिय सभा नियमावली (पहिलो संशोधन), २०७५ को नियम १०६ बमोजिम राष्ट्रिय सभा अन्तर्गतको विधेयक शाखा, सिंहदरबारमा संशोधन प्रस्ताव दर्ता गर्न सक्ने जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओली को तर्फबाट माननीय अर्थमन्त्री डा. युवराज खतिवडालाई "नेपाल विशेष सेवा विधेयक, २०७६ लाई दफावार छलफलको लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव पेश गर्न अनुमति दिनुहुँदै उक्त प्रस्तावालाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मति स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओली को तर्फबाट माननीय अर्थमन्त्री डा. युवराज खतिवडालाई विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहितको "राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) (पहिलो संशोधन) विधेयक, २०७५ माथि छलफल गरियोस्" भन्ने प्रस्ताव पेश गर्न अनुमति दिनुहुँदै उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मति स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) (पहिलो संशोधन) विधेयक, २०७५" माथि विधायन व्यवस्थापन समितिले संशोधन विना प्रतिवेदन पेश गरेको हुँदा उक्त विधेयकका दफाहरूमा मात्र छलफल प्रारम्भ हुने व्यहोरा जानकारी गराउनु हुँदै छलफलमा भाग लिन चाहने माननीय सदस्यहरूलाई समय दिनुहुँदा कुनै पनि माननीय सदस्यले छलफलमा भाग नलिनु भएपछि उक्त प्रस्तावमाथिको छलफल समाप्त भएको जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले "राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) (पहिलो संशोधन) विधेयक, २०७५" लाई विधायन व्यवस्थापन समितिबाट संशोधन विना पारित गरिएकोले समितिको प्रतिवेदनलाई विधेयकको अङ्ग बनाउनका लागि निर्णयार्थ प्रस्तुत गर्न नपर्ने जानकारी गराउनुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले उक्त विधेयकको दफा २ देखि २६ सम्मका दफालाई "राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) (पहिलो संशोधन) विधेयक, २०७५ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात्, सम्माननीय अध्यक्षले विधेयकको प्रस्तावना र नाम पढेर सुनाउनुभयो :

"**<u>प्रस्तावना</u>** : राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, संघीय संसदले यो ऐन बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस ऐनको नाम "राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) (पहिलो संशोधन) ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।"

तत्पश्चात्, सम्माननीय अध्यक्षले विधेयकको उल्लिखित प्रस्तावना र नाम "राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) (पहिलो संशोधन) विधेयक, २०७६ को अंग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओली को तर्फबाट माननीय अर्थमन्त्री डा. युवराज खतिवडालाई "राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) (पहिलो संशोधन) विधेयक, २०७६ लाई पारित गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिनुहुँदै उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्नुभयो ।

तदनन्तर, सम्माननीय अध्यक्षले सभाको अर्को बैठक **२०७६ साल पुस २७ गते आइतबार दिनको १:०० बजे** बस्ने गरी दिनको **२:२५ बजे** बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(मनोहरप्रसाद भट्टराई)
संघीय संसदको महासचिव